इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन

# बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति :२०७८/०९/१९**

इच्छाकामना गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटारले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवंम अन्तर-सरकारी वीत्त व्यवस्थापन ऐन, २०७४ (संशोधित समेत) को दफा ५ को (घ)मा विज्ञापनको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने अधिकार दिएको छ। बागमती प्रदेश आर्थिक ऐन, २०७८ को दफा (५)ले समेत विज्ञापन करको दर तोक्ने तथा उठाउने अधिकार स्थानीय तहलाई दिएको छ। उक्त कार्यका लागि इच्छाकामना गाउँपालिकाको आर्थिक ऐन, २०७८ को दफा ८ को अनुसूची-७ मा उल्लेख भएको दर रेटका आधारमा इच्छाकामना गाउँपालिकाको मुख्य व्यापारीक क्षेत्रहरू, राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्ग लगायतका क्षेत्रमा रहेका, भित्ता, सवारी साधन एवं व्यवसाय स्थलमा राखिएका फुटकर विज्ञापनहरु एवं डिजिटल डिसप्ले बोर्ड, विज्ञापन होर्डीङ्गबोर्ड तथा आर्थिक ऐन २०७८ तथा कार्यालयबाट तोकिएका अन्य शर्तहरु वमोजिम विज्ञापन कर संकलनको कार्य, E-Bidding, Hard copy तथा ठेक्का बढाबढको माध्यमबाट गर्नुपर्ने भएको छ।

**तपसिल**

१. बोलपत्र फाराम खरिदको लागि नवीकरण भएको इजाजतपत्र, आयकरदर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र, फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र र आ.व. ०७७/०७८ को कर चुक्ताको प्रतिलिपि अथवा म्याद थप गरेको प्रतिलिपि र निवेदन सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन सम्ममा तपसिलमा उल्लेखित दस्तुर जम्मा गरी (फिर्ता नहुने गरी) गाउँपालिका कार्यलय अथवा www.bolpatra.gov.np/egpमार्फत बाट खरिद गर्न सकिनेछ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन, दिनको १२:०० बजे भित्र दाखिला गरिसक्नु पर्ने छ। यसरी दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन विदापरेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त अनुसारको कार्य हुनेछ।

४. बोलपत्र साथ जमानत वापतको निम्न विवरणमा उल्लेखित रकम ग्लोवल आइ एम ई बैंक लि कुरिनटार, चितवन स्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको धरौटी खाता नं. GA-3C401010000021 मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ।

५. बोलपत्र फाराम वापतको दस्तुर ग्लोवल. आइ. एम. ई. बैंक लि कुरिनटार, चितवन स्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको आन्तरिक राजस्व खाता नं. GA-1-1C404010000004 मा जम्मा गरेको भौचरको scan copy समेत पेश गर्नु पर्ने छ।
कार्यालय कोड-35-365-19

६. कालोसुचिमा नपरेको स्वयं घोषणापत्र समेत पेश गर्नु पर्नेछ।

७. बोलपत्रमा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ। बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। म्याद नाघि आएको र रित नपुगेको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन।

८. एक फर्मको नाममा खरिद गरिएका बोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

नि. प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
इच्छाकामना गाउँपालिका
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

९. बोलपत्र दाताहरुले वढिमा तिनवटा फर्महरुको एक संयुक्त उपक्रम बनाई बोलपत्र पेश गर्न सक्नेछन् । तर एक बोलपत्र दाताले संयुक्त उपक्रमको साझेदार वा व्यक्तिगत मध्ये कुनै एउटा मात्र बोलपत्र पेश गर्न सक्नेछ ।

१०. कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा स्वीकृत नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

११. सूचनामा उल्लेख नभएको कुराहरुका हकमा सार्वजनिक खरिद ऐन,२०६३ एवं नियमावली,२०६४ र प्रचलित कानून बमोजिम हुनेछन् ।

१२. इच्छाकामना गाउँपालिकाको आर्थिक ऐन, २०७८ एवं बागमती प्रदेश सरकारद्वारा निर्दिष्ट गरेको दररेट अनुसार मात्र व्यवस्थित रुपमा राख्न दिई कर असुल गर्नु पर्नेछ।

१३. ठेक्का स्वीकृत भएपछि कबोल अंकको एकमुष्टरुपमा कार्यालयमा बुझाएमा ५(पाँच) प्रतिशत छुट दिन सकिनेछ।

१४. ठेक्का स्वीकृत भएपछि सम्झौता नगर्ने प्रस्तावदातालाई अर्को १ आर्थिक वर्षको लागि नकारात्मक सूचिमा राखिने एवं अर्को आ.व. मा गाउँपालिकाको कुनै पनि ठेक्कामा निजको प्रस्ताव स्वीकृत गरिने छैन।

१५. बोलपत्रदाताले लागत अनुमान भन्दा १५% भन्दा कम अंक कबोल गरेमा कबोल अंकको ५% र लागत अनुमानको १५% भन्दा बढी घटेर कबोल गरेको अवस्थामा १५% भन्दा जति घटि कबोल गरेको सो को ५०% ले हुन आउने रकम कबोल अंकको ५% मा थप गरि कार्य सम्पादन जमानत राख्नु पर्नेछ।

१६. हार्ड कपिको हकमा विडका लागि आवश्यक कागाजातको सक्कल प्रति वा नोटरी प्रमाणित कपि पेश गर्नुपर्नेछ।

१७. प्रि बिड मिटिङ सुचना प्रकाशित भएको मिलिले २१ औ दिन दिनको ठिक १ बजे यस कार्यालयमा हुनेछ र यदि उक्त दिन विदापरेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त अनुसारको कार्य हुनेछ ।

१८. कामको विवरण निम्नानुसारको छ ।

| सि.नं. | ठे.नं . | कामको विवरण | ल.ई.रकम (मु.अ.क वाहेक) | जमानत रकम | फाराम खरिद दस्तुर | माध्यम |
|---|---|---|---|---|---|---|
| १. | NCB/IRM/17/078/079 | " विज्ञापन कर संकलन कार्य. | | बोलपत्र पेस गर्दा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम | रु 3000.00 | बोलपत्र |
| | | आ.व. २०७८।०७९ | २३०४६३३।०९ | | | |
| | | आ.व. २०७९।०८० | २५३३०९६।३९ | | | |
| | | आ.व. २०८०।०८१ | २७८८६०६।०४ | | | |
| | | जम्मा रु. | ७६२८३३५।५२ | | | |

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

